क.द.नं.: १६९७१३/०७३/०७४
ने.रा.बैंक/इ.पा./घः ५९/०७४/०७५
पान नं.: ६०५९३८४४७

पाँचौं

# आ.व. २०७७/०७८ को संक्षिप्त वार्षिक आर्थिक विवरण तथा पाँचौं वार्षिक साधारण सभा सम्बन्धी सूचना


साधना लघुवित्त वित्तीय संस्था लि.
SADHANA LAGHUBITTA BITTIYA SANSTHA LTD.
नेपाल राष्ट्र बैंकबाट घ वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालय : गोरखा नगरपालिका-६, हरमटारी, गोरखा । फोन नं.: ०६४-४२०५०३
Website:- www.sadhanalaghubitta.com.np
Email: sadhanamf2074@gmail.com

# साधारण सभामा आफ्नो प्रतिनिधि नियुक्ती गर्ने निवेदन (प्रोक्सी फारम)

कम्पनी ऐन,२०६३ को दफा ७१ को उपदफा (३)संग सम्वन्धित

श्री सञ्चालक समिति,
साधना लघुवित्त वित्तीय संस्था लिमिटेड
हरमटारी-६, गोरखा।

**बिषय : प्रतिनिधि नियुक्ति गरेको बारे।**

महाशय,

..................................जिल्ला...........................न.पा./गा.पा.वडा नं.........बस्ने म/हामी ....................................................ले त्यस कम्पनीको शेयरधनीको हैसियतले सम्वत् २०७८ साल कार्त्तिक महिना १३ गते शनिबारका दिन हुने पाँचौं बार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि .......................जिल्ला ..........................न.पा./गा.पा. वडा नं..........बस्ने त्यस कम्पनीका शेयरधनी श्री ........................................................लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएका छु/छौ।

प्रतिनिधि नियुक्त भएको ब्यक्तिको :
हस्ताक्षरको नमूना :
शेयरधनी नं. :
शेयर प्रमाणपत्र नं. :
मिति :

निवेदक
दस्तखत
नाम :
ठेगाना :
शेयर प्रमाणपत्र नं.
शेयर संख्या :

**द्रष्टब्य :** यो निवेदन साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ।

---

## प्रवेश-पत्र

शेयरधनीको नाम................................................. शेयरधनी नं...........................
शेयर प्रमाणपत्र नं................................................. शेयर संख्या .........................
मिति : २०७८ साल कार्त्तिक महिना १३ गते शनिवारका दिन हुने साधना लघुवित्त वित्तीय संस्था लि.को पाँचौं बार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र।

**द्रष्टब्य**

१. शेयरधनीहरुले माथि उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नु होला।
२. सभाकक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र प्रस्तुत गर्न अनिवार्य छ।

कम्पनी सचिव

## साधना लघुवित्त वित्तीय संस्था लिमिटेड
## पाँचौं वार्षिक साधारण सभा सम्बन्धी सूचना !

आदरणीय शेयरधनी महानुभावहरु,

यस साधना लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७८/०६/१७ गते बसेको सञ्चालक समितिको ९८औं बैठकको निर्णयानुसार वित्तीय संस्थाको पाँचौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरीएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति :- २०७८/०७/१३ गते, शनिवार (तदनुसार ३० अक्टोवर, २०२१)

समय :- बिहान ११:०० बजे

स्थान :- होटल गोरखा बिसौनी, गोरखा न.पा.-६, गोरखा ।

**छलफलका विषयहरु**

**१. सामान्य प्रस्तावहरु**

क) सञ्चालक समितिको तर्फबाट समितिका अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने पाँचौं वार्षिक प्रतिवेदन (आ.व.२०७७/०७८) उपर छलफल गरी पारित गर्ने ।

ख) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु र वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

ग) कम्पनी ऐन २०६३,को दफा १११ बमोजिम आ.व. २०७८/०७९ को बाह्य लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिको सिफारिश मुताविक लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (लेखापरिक्षक श्री एस.डि. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्तिका लागि योग्य रहेको ।)

घ) यस वित्तीय संस्थाको "क" समूहमा रहेका संस्थापक शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

ङ) सञ्चालक समितिको सिफारिश बमोजिम यस वित्तीय संस्थाको आ.व. २०७७/०७८ को संचित मुनाफावाट हाल कायम चुक्ता पूँजी रु २५,६९,८०,४००/- को १.३१५७८९५% ले हुने रकम रु ३३,८१,३२१.०५/-(अक्षरेपी तेत्तीस लाख एकासी हजार तीन सय एक्काइस पैसा पाँच मात्र) नगद लाभांश (बोनस शेयर बापतको कर प्रयोजनका लागि मात्र) वितरण गर्न स्वीकृत गर्ने ।

**२) विशेष प्रस्तावहरु**

क) सञ्चालक समितिको सिफारिश बमोजिम यस वित्तीय संस्थाको आ.व. २०७७/०७८ को संचित मुनाफावाट हाल कायम चुक्ता पूँजी रु २५,६९,८०,४००/- को २५% ले हुने रकम रु ६,४२,४५,१००/- (अक्षरेपी छ करोड बयालिस लाख पैंतालिस हजार एक सय मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।

ख) प्रबन्धपत्रको दफा ६ को खण्ड (क), (ख) र (ग) तथा नियमावलीको नियम ३२ को उपनियम (१)को खण्ड (ख) मा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

ग) भविष्यमा अन्य कुनै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति/समाहित (Acquisition) सम्बन्धी उपयुक्त प्रस्ताव आएमा सो कार्यका लागि उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्न, सहमतिपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्न, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिन, सम्पत्ति तथा दायित्वको मूल्यांकन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्यांकनकर्ता, लेखापरिक्षक नियुक्त गर्न र निजको पारिश्रमिक निर्धारण गर्न र अन्य वित्तीय संस्थाहरुको शाखाहरु खरिद तथा प्राप्ति गर्ने लगायतका कार्यसँग सम्बन्धित आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

घ) प्रबन्धपत्र तथा नियमावलीमा प्रस्तावित संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

**३) विविध**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## साधारणसभा सम्बन्धी थप जानकारी

१. पाँचौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७८/०७/०३ गते देखि २०७८/०७/१३ गतेसम्म वित्तीय संस्थाको शेयरधनी दर्ता किताब बन्द रहनेछ। मिति २०७८/०७/०२ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई प्रचलित कानून बमोजिम वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौंमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरु मात्र वार्षिक साधारण सभामा भाग लिन, मतदान गर्न, बोनश शेयर तथा नगद लाभांश पाउन योग्य हुनेछन्।

२. सम्पूर्ण शेयरधनी महानुभावहरुले साधारण सभा बस्ने मिति, समय, स्थान र छलफलका विषयहरुको सूचना र संक्षिप्त वार्षिक आर्थिक विवरणहरु यस लघुवित्त वित्तीय संस्थाको वेवसाइट www.sadhanalaghubitta.com.np वाट समेत प्राप्त गर्न सकिनेछ।

३. वार्षिक सभामा भाग लिन आउनुहुने शेयरधनीहरु महानुभावहरुले आफ्नो हितग्राही खाता नं. (BOID) तथा परिचय स्पष्ट हुने फोटो सहितको कुनै प्रमाण साथमा लिई आउनु हुन अनुरोध छ।

४. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। शेयरधनी हाजिरी पुस्तिका विहान १०:०० बजे देखि खुल्ला रहने छ।

५. कुनै शेयरधनी साधारण सभामा स्वयं उपस्थित हुन नसक्ने भै साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी सभा शुरू हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय, हरमटारी-६, गोरखामा दर्ता गराई सक्नुपर्नेछ। वित्तीय संस्थाको शेयरधनी बाहेक अरूलाई प्रतिनिधि (प्रोक्सी) दिन पाइने छैन। वित्तीय संस्थाको शेयरधनी बाहेक अरूलाई प्रोक्सी दिएको भए प्रोक्सी बदर हुनेछ। साथै प्रतिनिधि (प्रोक्सी) दिंदा जुन समूहको शेयरधनी हो सोही समुहको शेयरधनीलाई मात्र दिनु पर्नेछ।

६. शेयरधनीहरुले एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाउनु हुने छैन। यसरी दिइएको सम्पुर्ण प्रोक्सी बदर हुनेछ।

७. प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ।

८. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीको तर्फबाट खटाईएको वा मनोनित गरेको प्रतिनिधिले साधारण सभामा भाग लिन तथा मतदान गर्न पाउने छ।

९. नाबालक वा अशक्त/विक्षिप्त व्यक्ति शेयरधनीहरुको हकमा यस वित्तीय संस्थाको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन,मतदान गर्न र प्रतिनिधि (प्रोक्सी) तोक्न पाउनुहुनेछ। तर संरक्षक आफै सञ्चालकमा उम्मेदवार हुन र आफू संरक्षक रहेको शेयरवालाको बाहेक अन्य शेयरवालाको प्रतिनिधित्व गर्न वा प्रोक्सी संकलन गर्न पाउने छैन।

१०. वित्तीय संस्थाको संस्थापक शेयरधनी समूहको तर्फबाट प्रतिनिधित्व गर्ने ४(चार) जना सञ्चालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ र सो सम्बन्धी सूचना वार्षिक साधारण सभा हुनु भन्दा ७ (सात) दिन अगावै संस्थाको केन्द्रीय कार्यालय हरमटारी-६, गोरखाको सूचना पाटीमा टाँसिने छ।

११. वार्षिक साधारण सभा तथा सञ्चालक निर्वाचन सम्बन्धी अन्य जानकारी आवश्यक भएमा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय हरमटारी-६, गोरखाको टेलिफोन नं. ०६४-४२०५०३ मा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन वा स्वयं उपस्थित भै जानकारी लिन हुन अनुरोध छ।

## साधना लघुवित्त वित्तीय संस्था लिमिटेडको पाँचौं साधारण सभाका लागि सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन आ.ब.२०७७/०७८

यस साधना लघुवित्त वित्तीय संस्था लिमिटेडको पाँचौं वार्षिक साधारण सभामा हाम्रो निमन्त्रणलाई स्वीकार गरी उपस्थित हुनु भएका श्रद्धेय सम्पुर्ण शेयरधनी महानुभावहरू, नियमनकारी निकायका प्रतिनिधिज्यूहरु, बाह्रय लेखापरीक्षकज्यू, निर्वाचन अधिकृतज्यू, कर्मचारी मित्रहरु एवम् समस्त उपस्थित महानुभावहरु आफ्नो अत्यन्त कार्यब्यस्तताका बाबजुद पनी हाम्रो निमन्त्रणलाई स्वीकार गरी यहाँ पाल्नु भएकोमा वित्तीय संस्थाको संचालक समिति, वित्तीय संस्था परिवार र मेरो व्यक्तिगत तर्फवाट यहाँहरु प्रति हार्दिक आभार ब्यक्त गर्दै यस सम्मानित साधारण सभामा ह्रदयदेखिनै स्वागत गर्न चाहान्छु ।

यहाँहरुको यो गौरवमय उपस्थिति , संस्थाप्रतिको विश्वास र मायाको रुपमा हामीले ग्रहण गर्नेछौं र यो प्रमाण संस्थाको मानसपटलमा सदा रहिरहने छ ।

“समृद्धिमा संगसंगैं” भन्ने मुल नाराका साथै कम आय भएका ब्यक्तिहरुलाई अवसर उपलब्ध गराई आत्मनिर्भर बनाउन कर्जा उपलब्ध गराउने, बचत गर्न सिकाउने र वित्तीय रुपमा साक्षर बनाउने उदेश्यका साथ२०७४ साल कार्तिक महिनावाट सेवा शुरु गरेको यस वित्तीय संस्थाले आफ्नो लक्ष्य अनुरुपको सफलता हासिल गर्दै अगाडी बढीरहेको र लघुवित्त क्षेत्रमा आफ्नो हैसियतमा पनी बृद्धि गर्दै गइरहेको ब्यहोरा सगौरव जानकारी गराउन चाहान्छु । हामीले वित्तीय संस्थालाई सर्वथा केन्द्रविन्दुमा राखी प्रणालीगत रुपमा संस्था संचालन गर्दै आएवाट बर्तमान कोभिड १९ ले सिर्जना गरेको विषम परिस्थितिका बाबजुद पनी वित्तीय संस्था सबल हुँदै गएको ब्यहोरा यहाँहरु समक्ष विच्छ्याउन चाहान्छु ।

उपस्थित महानुभावहरु, साधारण सभाको यस उल्लासमय घडिमा संस्थाको सञ्चालक समितिको अध्यक्षको हैसियतले गत आर्थिक वर्ष २०७७/०७८ मा यस वित्तीय संस्थाले हासिल गरेको प्रगती तथा वित्तीय संस्थाको वासलत, नाफा नोक्सान हिसाव, इक्विटीमा भएको परिवर्तन विवरण, नगद प्रवाह विवरणका साथै सो संग सम्बन्धित अनुसूचीहरु स्वीकृतिका लागि यस गरिमामय सभा समक्ष पेश गर्ने अनुमति चाहान्छु । प्रस्तुत वित्तीय विवरणहरु तथा प्रतिवेदनको अध्ययन पश्चात् भविश्यमा संस्थाले खेल्नुपर्ने भुमिकाका सम्बन्धमा विगतमा जस्तै यहाँहरुवाट प्राप्त हुने सकारात्मक सुझाव, सल्लाह, सहयोग तथा सद्भावले वित्तीय संस्थाको भावी कार्ययोजना निर्माण तथा त्यसै अनुसारको लक्ष्य प्राप्तिमा थप सहयोग पुग्नेछ भन्नेमा सञ्चालक समिति विश्वस्त छ ।

**(क) आर्थिक वर्ष २०७६/०७७ को कारोबारको संक्षिप्त सिंहावलोकन :**

यहाँहरु जानकारनै हुनुहुन्छ । देशैभर लघुवित्त संस्थाहरुको शाखा विस्तार गर्ने बढ्दो प्रतिस्पर्धा संगैं लागनीमा जोखिमको सम्भावना पनि बढ्दो स्थितिमा छ । यस समिक्षा वर्षमा पनि कोभिड १९ को नकारात्मक प्रभाव देशको सम्पूर्ण क्षेत्रमा कायमै रह्यो । तापनि यि सबै परिस्थितिहरु सँग होसियारी पूर्वक भिड्दै लक्ष्य प्राप्ति तर्फ उन्मुख हुने प्रयास जारी राख्यौं । फलस्वरुप गत आर्थिक वर्ष २०७६/७७ को तुलनामा यो आर्थिक वर्ष २०७७/७८ को संक्षिप्त कार्य प्रगति निम्नानुसार रहेको ब्यहोरा संचालक समिति यहाँहरु समक्ष अवगत गराउन चाहान्छु ।

| क्र.सं | विवरण | आ.व. २०७६/२०७७ | आ.व. २०७७/२०७८ | बृद्धि /कमी |
|---|---|---|---|---|
| १ | चुक्ता पुँजी(प्रस्तावित वोनस शेयर समेत) | २५,६९,८०,४००.०० | ३२,१२,२५,५००.०० | २५.००% |
| ३ | जगेडा तथा कोषहरु | १,९३,५१,४८८.१४ | ६,१८,७८,३५०.७० | २१९.७६% |
| ४ | कुल सम्पत्ती | १,९८,४०,८१,७५०.६२ | ४,०२,९४,६१,१९७.२७ | १०३.०९% |
| ५ | कुल निक्षेप | ४५,५३,५१,१६८.४४ | ८३,५२,२३,४२०.३८ | ८३.४२% |
| ६ | कुल कर्जा | १,७५,००,८७,७०५.१७ | ३,३१,०१,९०,९१९.६१ | ८९.१४% |
| | कर्जा सापट | १,२२,७८,६५,७१६.५४ | २,७५,७०,७४,४१२.१४ | १२४.५४% |
| ७ | कुल आम्दानी | ३५,९१,८६,८६३.७७ | ५०,८३,३१,३५७.३३ | ४१.५२% |
| ८ | कुल खर्च | ३१,९६,७२,९९०.९० | ३९,६४,५६,७७६.७६ | २४.०२% |
| ९ | खुद मुनाफा | ३,९५,१३,८७२.८७ | ११,१८,७४,५८०.५७ | १८३.१३% |
| | **सेवा विस्तार** | | | |
| १ | शाखा संख्या | ६०.०० | ७६.०० | २६.६७% |
| २ | जिल्ला | २२.०० | २७.०० | २२.७३% |
| ३ | सदस्य संख्या | ४६,७१५.०० | ६७,२३२.०० | ४३.९२% |
| ४ | ऋणी संख्या | २५,०६२.०० | ४१,०८८.०० | ६३.९५% |
| ५ | कर्मचारी संख्या | २२३.०० | ३१५.०० | ४१.२६% |

## ख. आर्थिक वर्ष २०७७/७८ मा हासिल गरेका मुख्य उपलब्धिहरू

### १. स्थापित शाखाहरूको विकास तथा सम्वर्द्धन र नयाँ शाखा विस्तार :

यस वित्तीय संस्थाले आर्थिक वर्ष २०७७/०७८ सम्ममा प्रदेश नं २ मा १६ वटा, प्रदेश नं ३ मा १९ वटा, प्रदेश नं ४ मा २५ वटा र प्रदेश नं ५ मा १६ वटा गरी सत्ताइस जिल्लामा कुल ७६ वटा शाखा कार्यालय सञ्चालनमा रहेकोमा चालु आर्थिक वर्षमा प्रदेश नं १ मा २ वटा, प्रदेश नं २ मा १० वटा, प्रदेश नं ३ मा १ वटा, प्रदेश नं ४ मा १ वटा र प्रदेश नं ५ मा ३ वटा सहित १७ वटा शाखा कार्यालय थप गरी ३१ जिल्लामा कुल ९३ वटा शाखा संख्या रहेको छ। स्थापित शाखाहरूको विकास तथा नयाँ शाखा विस्तार गर्दै जाने वित्तीय संस्थाको नीति रहेको सम्मानित सभा समक्ष जानकारी गराउँदछु।

### २. संस्थागत सुशासन :

संस्थामा संस्थागत सुशासन कामय राख्ने विषयमा सञ्चालक समिति तथा व्यवस्थापन सदैव प्रतिवद्ध रहेको छ। सञ्चालक समितिका सदस्यहरु तथा कर्मचारीहरुले नेपाल राष्ट्र बैंक तथा नियमनकारी निकायहरुबाट तोकिएका आचरण सम्बन्धी व्यवस्थाहरुको पूर्णरुपमा पालना गरिएका छन्। साथै सञ्चालक समिति वित्तीय संस्थाका शेयरधनीहरु प्रति वित्तीय संस्थाको सञ्चालक समिति पूर्णरुपमा जवाफदेही र उत्तरदायी रहेको छ। आन्तरिक लेखापरीक्षक, बाह्य लेखापरीक्षक तथा नेपाल राष्ट्रबैंकबाट समय-समयमा हुने निरीक्षणबाट प्राप्त सुझावहरुको पूर्ण पालना गर्दै संस्थागत सुशासनलाई सुदृढ बनाउन सञ्चालक समिति कटिबद्ध रहेको र सोही अनुसार कारोवारलाई व्यवस्थित गर्न आवश्यक थप नीति, नियम तथा निर्देशनहरु तर्जुमा गरी तदनुरुप लागू गर्न प्रतिबद्ध छौं।

### ३. संस्थागत सामाजिक उत्तरदायित्व :

वित्तीय संस्था आफ्नो व्यवसाय विकास र विस्तार सँगसँगै संस्थागत सामाजिक उत्तरदायित्व प्रति पनि सदैव सचेत रहेको छ र विशेष गरी शिक्षा, स्वास्थ्य, सामाजिक विकास र उत्थानको लागि टेवा पुग्ने कार्यमा संस्थागत सामाजिक उत्तरदायित्व कोष परिचालन गर्दै विभिन्न संघसंस्थालाई सहयोग गर्दै आईरहेको छ। समीक्षा वर्षमा संस्थाले देहायको कार्यमा कुल रु ३,५६,५५१.७२ खर्च गरेको छ।

क. कोरोना संक्रमण रोकथाम, नियत्रण र उपचार कोषमा रु ६३२५५.७२ दाखिला गरिएको।

ख.मानब सेवा आश्रम, गोरखामा रु. २३२९५.०० मूल्यको खाद्यान्य तथा कपडा प्रदान गरिएको।

ग. विपन्न समूदायलाई मास्क, स्यानीटाइजर, ग्लोबस् वितरणको लागि सामारिटन ट्रष्ट काठमाडौंलाई रु. १०००००.०० प्रदान गरिएको।

घ. जिल्ला अस्पताल, गोरखालाई रु. ९५,००१.०० मूल्यको पिपिई सेट उपलब्ध गराइएको।

ङ. कोभिडको कारण उपचारत कर्मचारी श्री कृष्ण रावललाई रु. ७५०००.०० औषधी उपचार खर्च सहयोग।

साथै आगामी दिनमा संस्थाको मुनाफाको बृद्धिसंगै सामाजिक उत्तरदायित्वको भूमिका अझ बढि शसक्त बनाउदै लगिने यहाँहरू समक्ष जानकारी गराउन चाहन्छौं।

### ४. सञ्चालक समितिमा भएको हेरफेर र सो को कारण :

आ.व. २०७७/०७८ मा सञ्चालक समितिमा सदस्य थप गरिएको छ। वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम सर्वसाधारण समूहवाट २ जना तथा १ जना स्वतन्त्र सञ्चालक गरी ३ जना सञ्चालक समितिमा थप गरिएको छ भने सर्वसाधारण समूहवाट प्रतिनिधित्व नहुञ्जेल सम्मका लागि नियुक्त सञ्चालक श्री अर्जुन कुमार सिं को पदावधी समाप्त भएको छ। हालको सञ्चालक समिति निम्नानुसार रहेको छ।

| क्र.सं | नाम | पद |
|---|---|---|
| १ | श्री कृष्ण वहादुर थापा | अध्यक्ष |
| २ | डा. नरहरि ढकाल | सञ्चालक |
| ३ | डा. टेकनाथ ढकाल | स्वतन्त्र सञ्चालक |
| ४ | श्री रमेश सापकोटा | प्रतिनिधि सञ्चालक, एनसिसि बैंक लि. |
| ५ | श्री राधाकृष्ण भण्डारी | सञ्चालक |
| ६ | श्री पुष्पा कुमारी घिमिरे | सञ्चालक |
| ७ | श्री दिनेश अर्याल | सञ्चालक |

**६. आन्तरिक नियन्त्रण प्रणालीको विकास :**

वित्तीय संस्थाले नियमनकारी निकायहरुको निर्देशन एवं प्रचलित कानुनहरुको पूर्ण पालना गर्दै संस्थाको व्यवसाय विस्तारमा आउने विभिन्न किसिमका जोखिमहरुको न्यूनीकरण गर्न आवश्यक पर्ने नीति निर्देशिकाहरु तयार गरि कार्यान्वयनमा ल्याईएका छन् । साथै आन्तरिक नियन्त्रण प्रणालीलाई समयानुकुल व्यवस्थित बनाउँदै लैजान आवश्यक पर्ने थप नीति निर्देशिकाहरु तयार गरि कार्यान्वयनमा ल्याई संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई मजवुत राख्न देहायका समितिहरु सक्रिय रहेका छन् ।

**(क) लेखापरीक्षण समिति :** संस्थाका सञ्चालक डा. नरहरि ढकाल संयोजक, सञ्चालक श्री दिनेश अर्याल सदस्य र प्रमुख आन्तरिक लेखापरीक्षण विभाग सदस्य सचिव रहने गरि ३ सदस्यीय लेखापरीक्षण समिति रहेको छ । आ.व २०७७/७८ मा लेखापरीक्षण समितिको बैठक छ पटक बसेको थियो ।

**(ख) जोखिम व्यवस्थापन समिति :** संस्थाका सञ्चालक श्री राधाकृष्ण भण्डारी रहेको यस समितिमा लेखापरीक्षण समितिका संयोजक पदेन सदस्य, प्रमुख सञ्चालन बिभाग सदस्य र प्रमुख कर्जा विभाग सदस्य सचिव रहनु भएको छ । आ.व. २०७७/७८ मा यस समितिको बैठक चार पटक बसेको थियो ।

**(ग) कर्मचारी सेवा सुबिधा समिति :** संस्थाका सञ्चालक श्री रमेश सापकोटाको संयोजकत्वमा रहेको कर्मचारी व्यवस्थापन सेवा सुविधा समितिमा लेखा विभाग प्रमुख सदस्य र प्रमुख जनशक्ति विभाग सदस्य सचिव रहनु भएको छ । आ.व. २०७७/७८ मा यो समितिको बैठक पाँच पटक बसेको थियो ।

**(घ) सम्पत्ति सुद्धिकरण अनुगमन समिति :** संस्थाका सञ्चालक श्री पुष्पा कुमारी घिमिरेको संयोजकत्वमा रहेको यस समितिमा सञ्चालन विभाग प्रमुख सदस्य र वित्त विभाग प्रमुख सदस्य सचिव रहनु भएको छ । आ.व. २०७७/७८ मा यो समितिको बैठक चार पटक बसेको थियो ।

यसैगरी आन्तरिक तथा वाह्य लेखापरीक्षक र नेपाल राष्ट्र बैंकबाट भए/गरेका सुधार गर्नुपर्ने निर्देशनहरूलाई क्रमशः सुधार गर्दै लगिएको व्यहोरा जानकारी गराउन चाहान्छु ।

**७. मानव संशाधनको विकास तथा व्यवस्थापन :**

आर्थिक वर्ष २०७७/७८ को अन्त्यमा वित्तीय संस्थामा कार्यरत कुल कर्मचारी संख्या ३१५ रहेको छ । २०७८ आश्विन मसान्त सम्म कुल कर्मचारी संख्या ४२७ रहेको छ । वित्तीय संस्थाले व्यवसायको आकार तथा शाखा संख्यामा भएको वृद्धि सँगसँगै आवश्यक कर्मचारीको पदोन्नति, नियुक्ती तथा पदस्थापन गर्दै आएको छ । कर्मचारीहरु संस्थाका अमूल्य सम्पत्ति हुन् भन्ने मान्यतालाई आत्मसात गरी संस्थाले आफ्ना कर्मचारीहरूलाई दक्ष, गुणस्तर सहितको नतिजामुखी वनाउनका निम्ति संस्थाले उनीहरूलाई बाह्य तथा आन्तरिक तालिम प्रदान गराउँदै आइरहेको छ । तथापी कोभिड १९ को प्रभावको कारण योजना अनुसारको तालिम तथा गोष्ठी सञ्चालन गर्न नसकिएको कुरा अवगत गराउन चाहन्छौं । वित्तीय संस्थाले नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायहरूले संचालन गर्दै आएको बिभिन्न कार्यशाला गोष्ठी, सेमीनार तथा प्रशिक्षण कार्यक्रमहरूमा यस वित्तीय संस्थाका सञ्चालक तथा कर्मचारीहरूलाई सहभागी गराउदै आईरहेको छ । संस्थाको जनशक्ति विकासमा कर्मचारीहरुको मासिक/वार्षिक कार्य सम्पादन मूल्याङ्कन गरी सोही बमोजिम निजहरुकोस्तर, पारिश्रमिक एवम् सुविधा वृद्धि गर्नेपरिपाटी लिईएकोछ । यसका अतिरिक्त संस्थालेआवश्यकता अनुसार योग्य र दक्ष जनशक्तिहरु नियुक्त गर्न र संस्थामा अनुकुल कार्य वातावरण बनाई योग्य, लगनशिल, ईमान्दार र अनुभवी कर्मचारीहरुलाई संस्थाकोसेवामा आवद्ध भईरहने वातावरण बनाउन प्रतिबद्ध रहेका छौं ।

**८. कर्मचारी बोनस व्यवस्था :**

आ.व. २०७७/०७८ को मुनाफाबाट कर्मचारी बोनस ऐनमा व्यवस्था भए बमोजिम रू. १,७७,७९,७३२.१८ कर्मचारीहरूलाई बोनस वितरण गर्नका लागि छुट्याईएको छ ।

**९. लघुवित्त कारोबारलाई असर पारेका कुराहरू :**

(क) बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप तथा कर्जामा हुने उतारचढाव तथा परिवर्तनको कारण संचालन खर्चमा बढोत्तरी हुन गई लक्षित मुनाफामा असर ।

(ख) नियमनकारी निकायबाट समय समयमा नीति नियम परिबर्तन गर्दा त्यसले वित्तीय संस्थाको व्यवसाय र भावी रणनीतिमा असर ।

(ग) लघुवित्त वित्तीय संस्थाहरूविच अस्वस्थ प्रतिस्पर्धा प्रभावकारी कर्जा सूचनाको अभावको कारण कर्जाको दोहोरोपनामा बृद्धी, कर्जाको दुरुपयोग, कर्जा समयमा नतिर्ने आदि जस्ता असरहरू बढ्दो ।

(घ) कर्मचारीहरूमा छोटो समयमै संस्था परिवर्तन गर्ने प्रवृत्ति बढेकोले दक्ष जनशक्ति व्यवस्थापनमा समस्या देखिन्छ। ग्रामिण भेगमा गई फिल्डमा कार्य गर्न कठिन हुने भएकाले कर्मचारीहरू पनि लघुवित्त क्षेत्रमा आउन रुची नदेखाउनु।

(ङ) वित्तीय संस्थाले शाखा विस्तार गरेका केही गाउँपालिकाहरूमा इन्टरनेट, बाटोघाटो, टेलिफोन, बिजुलीबत्ती आदि जस्ता आधारभुत पूर्वाधारहरूको समेत पर्याप्त व्यवस्था नभइसकेको अवस्थाले दैनिक कार्यसञ्चालनमा असहज।

(च) वित्तीय संस्थामा आबद्ध सदस्यहरु स्थान परिवर्तन गरि सम्पर्क विहिन हुने परिपाटिले कर्जाको जोखिम बढ्दै जानु।

(छ) कोभिड १९को माहमारी लगायत प्राकृतिक विपत्ति अन्य गैर राजनीतिक घटनाक्रमको कारण नियमित कार्यसञ्चालनमा असर।

(ज) सेवाग्राही सदस्यहरूमा व्यवसायिक सीप र क्षमतामा कमी तथा वित्तीय साक्षरताको अभावका कारण व्यवसाय बृद्धिमा समस्या।

(झ) लघुवित्त कार्यक्रम विस्तार तथा सञ्चालन लागतमा उच्च।

**१०. प्रविधि उपयोग :**

वित्तीय संस्थाले दैनिक कारोवारको लेखाङ्कन तथा अभिलेखलाई आधुनिकीकरण गर्न संस्थाले आफ्नो सम्पूर्ण कार्यालयहरूमा केन्द्रीकृत सर्भरमा आधारित अनलाईन विधि प्रयोग गरिरहेको र सोही अनुरूप सो सफ्टवेयरको स्तरोन्नती र कर्मचारीहरूको क्षमतामा अभिवृद्धि गर्दै लगिनेछ। ग्राहक सदस्यहरूको बदलिदो चाहाना, चेतनाको स्तर, ग्रामिण क्षेत्रमा पनि सूचना संचार प्रविधिको उपलब्धता तथा प्रयोग, प्रतिस्पर्धात्मक वातावरण जस्ता अवस्थाहरूलाई बिश्लेषण गरी यस वित्तीय संस्थाले प्रविधिको नयाँ प्रयोगबाट सदस्यहरूलाई अझ छिटो छरितो सेवा प्रवाह गर्ने तर्फ वित्तीय संस्था क्रियाशिल रहनेछ। जस अन्तर्गत वित्तीय संस्थाले विगत देखिनै एस.एम.एस नोटिफिकेशन सेवा सञ्चालन गर्दै आईरहेको छ। आगामी दिनमा लघुवित्त कार्यक्रमलाई थप प्रविधि मैत्री बनाउँदै लैजानका लागि थप इलेक्ट्रोनिक बैंकिङ सेवाहरू जस्तै मोवाईल बैंकिङ, ट्यावलेट बैंकिङ, एबिबिएस बैंकिङ जस्ता सुविधाहरू थप गरी सदस्यहरूलाई दिइने सेवा अझ सुलभ र सरल बनाइनेछ। यसको सफल प्रयोगबाट संस्थाको कारोवार पारदर्शी हुनुको साथै वित्तीय संस्था प्राविधिक रुपमा अझ सबल हुने विश्वास गरिएको छ।

**ग. प्रतिवेदन तयार भएको मितिसम्म चालु आर्थिक वर्षको उपलब्धी तथा आगामी रणनीतिहरु :**

**१. चालु आर्थिक २०७७/०७८ को संक्षिप्त उपलब्धी तथा भावी व्यवसायिक योजना :**

कोरोना भाईरस को महामारीको कारणले समग्र अर्थतन्त्रमा पुर्‍याएको असरको वावजुद पनि वित्तीय संस्थाले गरेको उल्लेखित प्रगति प्रति सञ्चालक समिति सकारात्मक रहेको छ। दोहोरोपना निरुत्साहित गर्न र खराब कर्जाको अवस्थामा सुधार ल्याउने अभिप्रायले आवश्यक रणनीति तयार पारी लागु गरिएका छन्। वित्तीय श्रोतमा स्व-सक्षमता बढाउन, कोरोना भाईरसको कारणले लघुवित्त क्षेत्रका ग्राहक सदस्यहरुको व्यवसायमा परेको प्रभावलाई न्युनिकरण गरी कर्जाको गुणस्तर कायम राख्न, सञ्चालन खर्चमा मितब्ययिता अपनाउने, आधुनिक प्रविधिको उपयोग गर्ने र संस्थागत क्षमतामा अभिवृद्धि गर्न आवश्यक भएकोले सो सम्बन्धमा स्पष्ट रणनीति तय गरी लागु गर्नुका साथै उपरोक्त पक्षहरुको प्रभावकारी कार्यान्वयन भए नभएको वारेमा प्रभावकारी अनुगमन गर्नु पर्ने आजको आवश्यकता रहेकोले उल्लेखित चुनौतीहरुलाई अवसरका रुपमा स्वीकार गर्दै नविनतम सोच तथा कार्यक्रम मार्फत आगामी वर्षहरुमा पनि नयाँ क्षेत्रहरुमा लघुवित्त कार्यक्रम विस्तार गरिने कार्यलाई निरन्तरता दिन संस्था लागि पर्ने व्यहोरा यहाँहरु समक्ष अनुरोध गर्दछु। चालु आ.ब.को आश्विन मसान्तको वित्तीय विवरण निम्नानुसार रहेको छ।

कर्मचारी संख्या: ४०८ शाखा संख्या : ९३, सदस्य संख्या : ७८५९१, लगानीमा रहेको रकम : ३,९०,५०,८५,५१८.२२, बचत रकम : ९२,५५,५८,७६२.३९, खुद मुनाफा : ३,२३,०३,३५६.४७

**आगामी ३ वर्षको व्यवसायिक योजना**

| क्र.सं | विवरण | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ |
|---|---|---|---|---|
| १ | जिल्ला संख्या | ३५ | ४५ | ५५ |
| २ | शाखा संख्या | ९८ | १२७ | १५३ |
| ३ | कर्मचारी संख्या | ४३० | ५४५ | ६५१ |
| ४ | सदस्य संख्या | १०५,८४० | १३७,५९२ | १६५,११० |

| | | | | |
|---|---|---|---|---|
| ५ | ऋणी संख्या | ६५,६२१ | ८५,३०७ | १०२,३६८ |
| ६ | निक्षेप दायित्व | १,५३०,३४५,४७१ | २,३६२,७७७,०७१ | ३,३६१,६९२,५७१ |
| ७ | कर्जा सापट | ५,२४९,६६४,००० | ७,२५१,०९८,४०० | ९,२१३,१३८,००० |
| ८ | खुद नाफा | ११९,०५७,२८४ | १५०,३३१,९७२ | १८७,५४१,३९९ |

माथि उल्लेखित विवरण विश्लेषण गर्दा वित्तीय संस्थाको प्रगति उत्साहजनक रहेको छ। चालु आर्थिक वर्ष २०७८/७९ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा वित्तीय संस्थाले कार्यक्रमको गुणस्तर कायम राखी संस्थागत बृद्धि तथा विस्तार हासिल गर्ने लक्ष्य लिएको छ। बिगतका अनुभव र सिकाईहरुबाट कमजोर पक्षलाई सच्याउँदै लक्ष्य अनुसार प्रगति हासिल हुन नसकेका पक्षहरुको उपलब्धिको लागि स्पष्ट रणनीतिका साथ कार्यक्रमहरु तय गरी सोको प्रभावकारी कार्यान्वयन गरिने ब्यहोरा यस सभा समक्ष अनुरोध गर्दछु।

**२. आगामी कार्यक्रमहरू (रणनीतिहरु) :**

(क) ग्राहक सदस्यहरुको चाहना र आवश्यकता बमोजिम बचत तथा कर्जा र अन्य सेवाहरुमा विविधिकरण गर्दै लगिनेछ।

(ख) उच्च प्रतिफल दिने क्षेत्रमा कर्जा प्रवाह गर्न विशेष जोड दिइनेछ। लगानीमा हुनसक्ने जोखिमलाई कम गर्न सदस्यहरूको पशुपक्षी, बालीनाली तथा आवश्यकता अनुसारको अन्य बिमा गर्नका लागि निर्जिवन बीमा कम्पनीहरू संग सहकार्य गरिनेछ।

(ग) वित्तीय संस्थाले लघुवित्त सेवालाई प्रविधि मैत्री बनाउँदै लैजानका लागि इलेक्ट्रोनिक बैंकिङ सेवाहरू जस्तै मोबाइल बैंकिङ, ट्यावलेट बैंकिङ, एबिबिएस जस्ता कार्यक्रमहरू थप गर्दै लाने योजना रहेको छ।

(घ) सूचना प्रविधिवाट सिर्जना हुने जोखिम न्यूनिकरण गर्न प्रभावकारी सुरक्षण प्रणाली अवलम्बन गरिनेछ।

(ङ) वित्तीय संस्थाले वार्षिक रुपमा केन्द्र प्रमुखहरुको गोष्ठी, पुनर्ताजगी तालिम , आयमुलक सीप विकास तालिम, वित्तीय साक्षरता कार्यक्रम र अवलोकन भ्रमण जस्ता कार्यक्रम मार्फत् ग्राहकहरुको चाहाना र आवश्यकता अनुसारको कर्जा, बचत तथा अन्य सेवालाई समय सापेक्ष हुने गरी वित्तीय संस्थाको हितलाई पनि ध्यान दिंदै परिमार्जन गर्दै लगिने छ।

(च) धेरै लघुवित्त संस्थाहरुवाट कर्जा चलाउने प्रबृत्तिलाई न्यूनिकरणको लागि वित्तीय साक्षरता कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरीनेछ।

(छ) वित्तीय संस्थाका शाखा कार्यालयहरूमा आवद्ध ग्राहक सदस्यहरू वा निजहरूको एकाघरका सदस्यहरूलाई स्थानिय सहजकर्ताको रुपमा परिचालन गरि लघुवित्त कार्यक्रम लाई अझ प्रभावकारी रुपमा अघि बढाउदैं स्थानीय स्तरमा स्वरोजगारको सृजना गरिनेछ।

(ज) सदस्य र वित्तीय संस्थाको जोखिम विविधिकरण गर्नको लागि निर्जीवन बीमा कम्पनीहरुसंग सहकार्य गरी पशु बिमा, कृषि विमा, स्वस्थ्य वीमा जस्ता कार्यक्रमहरुमा सहभागि हुन सदस्यहरुलाई प्रोत्साहित गरिनेछ ।

(झ) कर्मचारीहरूलाई दक्ष बनाउन समय समयमा तालिम तथा गोष्ठी र सेमिनारहरूको आयोजना गर्ने, अर्न्तराष्ट्रिय अभ्यासहरूको अवलोकन तथा भ्रमणमा सरिक गराइने आदि कार्यक्रम सञ्चालन गरिने छ।

(ञ) स्थानिय तहका जनप्रतिनिधि तथा बुद्धिजीविहरुमा लघुवित्त कार्यक्रमको वारेमा रहेका भ्रमहरु हटाउन शाखा तथा क्षेत्रियस्तरमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

(ट) वित्तीय संस्था र ग्राहक सदस्य बीचको सम्बन्ध सुमधुर बनाउन शाखा स्तरमा अभिभावक संगको अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

(ठ) मूल्यांकनको मापदण्ड निर्धारण गरी शाखा कार्यालयहरुको श्रेणीकरण गरिनेछ। उत्कृष्ट ठहरिएका शाखा कार्यालयहरु र उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ।

# साधना लघुवित्त वित्तीय संस्था लि.

२०७८ साल असार मसान्तको

## वासलात

| पुंजी तथा दायित्व | अनुसूची | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|---|
| १. शेयर पूंजी | ४.१ | ३२१,२२५,५००.०० | २५६,९८०,४००.०० |
| २. जगेडा तथा कोषहरू | ४.२ | ६१,८७८,३५०.७० | १९,३५१,४८८.१४ |
| ३. □णपत्र तथा बन्ड | ४.३ | - | - |
| ४. तिर्न बांकी कर्जा सापट | ४.४ | २,७५७,०७४,४१२.१४ | १,२२७,८६५,७१६.५४ |
| ५. निक्षेप दायित्व | ४.५ | ८३५,२२३,४२०.३८ | ४५५,३५१,१६८.४४ |
| ६. प्रस्तावित नगद लाभांश | | ३,३८१,३२१.०५ | २,०६३,१७८.९५ |
| ७. आयकर दायित्व | | - | - |
| ८. अन्य दायित्व | ४.६ | ५०,६७८,१९३.०० | २२,४६९,७९८.५५ |
| **कुल पुंजी तथा दायित्व** | | **४,०२९,४६१,१९७.२७** | **१,९८४,०८१,७५०.६२** |

| सम्पत्ति | अनुसूची | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|---|
| १. नगद मौज्दात(सिक्का समेत) | | २,३५०,१८१.७० | ८८५,६९१.०० |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | | - | - |
| ३. बैंक□वित्तीय संस्थामा रहेको मौज्दात | ४.७ | ५२४,६८१,२७४.६१ | २३४,२०९,७८३.९३ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ४.७ | - | - |
| ५. लगानी | ४.८ | २००,०००,०००.०० | - |
| ६. कर्जा सापट | ४.९ | ३,२६४,९०८,१३२.०८ | १,७०८,४२२,९२२.९६ |
| ७. स्थिर सम्पत्ति | ४.१० | १८,२९८,८०१.०० | १६,७३७,०७८.०० |
| ८. गैरबैंकि□ सम्पत्ति | ४.११ | - | - |
| ९. अन्य सम्पत्ति | ४.१२ | १९,२२२,८०७.८८ | २३,८२६,२७४.७३ |
| **कुल सम्पत्ति** | | **४,०२९,४६१,१९७.२७** | **१,९८४,०८१,७५०.६२** |
| | | | |
| सम्भावित दायित्व | अनुसूची ४.१३ | | |
| सञ्चालकहरूको घोषणा | अनुसूची ४.२३ | | |
| पुंजीकोष तालिका | अनुसूची ४.२४ | | |
| जोखिम भरित सम्पत्ति विवरण तालिका | अनुसूची ४.२४(क) | | |
| प्रमुख सूचका□हरू | अनुसूची ४.२५ | | |
| प्रमुख लेखा नीतिहरू | अनुसूची ४.२६ | | |
| लेखा सम्बन्धि टिप्पणीहरू | अनुसूची ४.२७ | | |

| | | | | |
|---|---|---|---|---|
| श्री कृष्ण बहादुर थापा | डा. नरहरि ढकाल | श्री रमेश सापकोटा | श्री राधा कृष्ण भण्डारी | सि.ए. संजिब ढकाल |
| अध्यक्ष | संचालक | संचालक | संचालक | प्रिन्सीपल |
| | | | | एस डि एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स |
| श्री पुष्पा कुमारी घिमिरे | श्री दिनेश अर्याल | डा. टेक नाथ ढकाल | श्री रेशम न्यौपाने | श्री रूपेश कुमार झा |
| संचालक | संचालक | संचालक | प्रमुख कार्यकारी अधिकृत | प्रमुख वित्तीय अधिकृत |

# साधना लघुवित्त वित्तीय संस्था लि.

मिती २०७७ साल श्रावण ०१ देखि २०७८ साल असार मसान्त सम्म

## नाफा नोक्सान हिसाव

| विवरण | अनुसूची | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|---|
| १. व्याज आम्दानी | ४.१४ | ३८९,८७५,०४६.१८ | २८४,९९२,७८३.८१ |
| २. व्याज खर्च | ४.१५ | १४७,२०५,५२३.२४ | १४४,६४४,८९२.९५ |
| **खुद व्याज आम्दानी** | | **२४२,६६९,५२२.९४** | **१४०,३४७,८९०.८६** |
| ३. कमिशन तथा अन्य सञ्चालन आम्दानी | ४.१६ | ८४,६६३,००६.१७ | ४६,६८२,३८८.२१ |
| ४. सटही घटबढ आम्दानी | | - | - |
| **कुल सञ्चालन आम्दानी** | | **३२७,३३२,५२९.११** | **१८७,०३०,२७९.०७** |
| ५. कर्मचारी खर्च | ४.१७ | ९१,६५७,८२०.२१ | ६५,२२०,९८९.०० |
| ६. अन्य सञ्चालन खर्च | ४.१८ | ५२,०२२,३७४.८० | ३०,९३९,३२८.०३ |
| ७. सटही घटबढ नोक्सान | | - | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | | **१८३,६५२,३३४.१०** | **९०,८६९,९६२.०४** |
| ८. सम्भावित नोक्सानी व्यवस्थाहरू | ४.१९ | ३९,६४८,३१७.३० | ५६,२५७,०४७.८७ |
| **सञ्चालन मुनाफा** | | **१४४,००४,०१६.८०** | **३४,६१२,९१४.१७** |
| ९. गैर सञ्चालन आम्दानी/खर्च | ४.२० | - | - |
| १०. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ४.२१ | ३३,७९३,३०४.९८ | २७,५११,६९१.७५ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | | **१७७,७९७,३२१.७८** | **६२,१२४,६०५.९२** |
| ११. असामान्य कारोवारहरूबाट भएको आम्दानी/खर्च | ४.२२ | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | | **१७७,७९७,३२१.७८** | **६२,१२४,६०५.९२** |
| १२. कर्मचारी बोनस ब्यबस्था | | १७,७७९,७३२.१८ | ५,६४७,६९१.४५ |
| १३. आयकर व्यवस्था | | | |
| यस वर्षको कर व्यवस्था | | ४९,३९३,१४५.५३ | १७,२७०,५७५.४९ |
| विगत वर्षसम्मको कर व्यवस्था | | - | - |
| यस वर्षको स्थगन कर आम्दानी / खर्च | | (१,२५०,१३६.५०) | (३०७,५३३.८९) |
| **खुद नाफा/नोक्सान** | | **१११,८७४,५८०.५७** | **३९,५१३,८७२.८७** |

| | | | | |
|---|---|---|---|---|
| श्री कृष्ण बहादुर थापा<br>अध्यक्ष | डा. नरहरि ढकाल<br>संचालक | श्री रमेश सापकोटा<br>संचालक | श्री राधा कृष्ण भण्डारी<br>संचालक | सि.ए. संजिब ढकाल<br>प्रिन्सीपल<br>एस डि एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |
| श्री पुष्पा कुमारी घिमिरे<br>संचालक | श्री दिनेश अर्याल<br>संचालक | डा. टेक नाथ ढकाल<br>संचालक | श्री रेशम न्यौपाने<br>प्रमुख कार्यकारी अधिकृत | श्री रूपेश कुमार झा<br>प्रमुख वित्तीय अधिकृत |

# साधना लघुवित्त वित्तीय संस्था लि.

## नाफा नोक्सान बांडफांड हिसाव

मिती २०७७ साल श्रावण ०१ देखि २०७८ साल असार मसान्त सम्म

| विवरण | अनुसूची | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|---|
| **आम्दानी** | | - | - |
| १. गत वर्षसम्मको सञ्चित मुनाफा | | ७०१,१४४.९६ | ५,२०५,९२६.९६ |
| २. यस वर्षको मुनाफा | | १११,८७४,५८०.५७ | ३९,५१३,८७२.८७ |
| ३. सटही घटबढ कोष | | - | - |
| ४. आर्थिक समृद्धी लघुवित्त वित्तीय संस्था मर्जर बाट | | - | - |
| ५. पुंजीगत जगेडा कोष | | - | ६,१२५,०००.०० |
| ६. ग्राहक संरक्षण कोष उपयोग | | - | - |
| ६. संस्थँगत सामाजिक उत्तरदायीत्व कोष उपयोग | | ३५६,५५१.७२ | १२०,५१०.०० |
| **जम्मा** | | **११२,९३२,२७७.२५** | **५०,९६५,३०९.८३** |
| **खर्च** | | | |
| १. गत वर्षसम्मको सञ्चित नोक्सान | | - | - |
| २. यस वर्षको नोक्सान | | - | - |
| ३. साधारण जगेडाकोष | | ३०,४९०,०८६.६४ | ७,९०२,७७४.५७ |
| ४. भैपरी आउने जगेडा | | - | - |
| ५. संस्था विकास कोष | | - | - |
| ६. लाभांश समीकरण कोष | | - | - |
| ७. कर्मचारी सम्बन्धी जगेडाह□ | | - | - |
| ८. प्रस्तावित लाभांश | | ३,३८१,३२१.०५ | २,०६३,१७८.९५ |
| ९. प्रस्तावित बोनस शेयर | | ६४,२४५,१००.०० | ३९,२००,४००.०० |
| १०. विशेष जगेडा कोष | | - | - |
| ११. सटही घटबढ कोष | | - | - |
| १२. पुंजी फिर्ता जगेडा कोष | | - | - |
| १३. पुंजी समायोजन कोष | | - | - |
| १४. ग्राहक संरक्षण कोष | | ५,१७६,३३१.०७ | ३९५,१३८.७३ |
| १५. कर्मचारी दक्षता अभिबृद्धि कोष | | - | - |
| १६. संस्थागत सामाजिक उत्तरदायित्व कोष | | १,११८,७४५.८१ | ३९५,१३८.७३ |
| १७. स्थगन कर जगेडा | | १,२५०,१३६.५० | ३०७,५३३.८९ |
| **जम्मा** | | **१०५,६६१,७२१.०७** | **५०,२६४,१६४.८७** |
| १८. सञ्चित मुनाफा□(नोक्सान) | | **७,२७०,५५६.१८** | **७०१,१४४.९६** |

श्री कृष्ण बहादुर थापा
अध्यक्ष

डा. नरहरि ढकाल
संचालक

श्री रमेश सापकोटा
संचालक

श्री राधा कृष्ण भण्डारी
संचालक

सि.ए. संजिब ढकाल
प्रिन्सीपल
एस डि एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

श्री पुष्पा कुमारी घिमिरे
संचालक

श्री दिनेश अर्याल
संचालक

डा. टेक नाथ ढकाल
संचालक

श्री रेशम न्यौपाने
प्रमुख कार्यकारी अधिकृत

श्री रूपेश कुमार झा
प्रमुख वित्तीय अधिकृत

S.D.& Associates
Chartered Accountants

34- Ekta Marg, Anamnagar
P.O. Box No. 3762
Kathmandu, Nepal
info@sdnaca.com
www.sdnaca.com
+977- 01- 4492588

## साधना लघुवित्त वित्तीय संस्था लिमिटेडका
## शेयरधनी महानुभावहरू समक्ष
## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

### १. लेखापरीक्षकको मन्तव्य

हामीले साधना लघुवित्त वित्तीय संस्था लिमिटेडको (यसपछि "माइक्रोफाइनान्स" समेत भनिएको) यसै साथ संलग्न २०७८ आषाढ ३१ (१५ जुलाई २०२१) को वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र लेखा सम्बन्धी टिप्पणीहरूको लेखापरीक्षण सम्पन्न गरेका छौं । यद्यपि यि वित्तीय विवरणहरू लेखामान बोर्ड नेपाल (Accounting Standard Board of Nepal) (ASB) द्वारा जारी नेपाल वित्तिय प्रतिवेदनमानहरू (Nepal Financial Reporting Standard (NFRS) अनुसार छैनन् जुन "घ" वर्गको वित्तिय संस्थाको लागि आ.व. २०१६/२०१७ देखि लागू गरिएका छन् ।

यस प्रतिवेदनको बुंदा १ मा उल्लेख भए बमोजिम वित्तिय विवरणहरू NFRS अनुसार नभएको हुंदा साधना लघुवित्त वित्तीय संस्था लिमिटेडको नेपाल वित्तिय प्रतिवेदनमानहरू (Nepal Financial Reporting Standards (NFRS) अनुसारको वित्तीय स्थितिमा, हामी राय दिन सक्ने अवस्थामा छैनौ । यद्यपी यी वित्तीय विवरणहरू नेपाल राष्ट्र बैंकको निर्देशन, कम्पनी ऐन २०६३ (संसोधित २०७४) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अनुसार तयार गरिएकोले सो अनुसारको २०७८ आषाढ ३१ गतेको वित्तीय स्थिती, सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा, इक्वीटीमा भएको परिर्वतन तथा नगद प्रवाह विवरणले यथार्थ चित्रण गरेका छन् ।

### २. लेखापरीक्षकको मन्तव्यका आधारहरू

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरिक्षणमान बमोजिम सम्पन्न गऱ्यौं । नेपाल लेखापरिक्षणमान अनुसार हाम्रा थप जिम्मेवारीहरू तल उल्लेखित लेखापरीक्षकको जिम्मेवारी परिच्छेदमा उल्लेख गरिएका छन् । नेपाल चार्टड एकाउण्टेण्ट संस्थाले जारी गरेको लेखापरिक्षकको आचारसंहिता (ICAN's Handbook of Code of Ethics for Professional Accountants) बमोजिम हामीले लेखापरिक्षकको स्वतन्त्रता र लेखापरिक्षणमा लागू हुने आचारसंहिताको पालना गरेका छौ । हामीले प्राप्त गरेका लेखापरिक्षण प्रमाणहरू हाम्रो लेखापरीक्षणको लागि प्रयाप्त छन भन्नेमा हामी विश्वस्त छौ ।

### ३. लेखापरिक्षणका मुख्य मामिलाहरू

लेखापरिक्षणका मुख्य मामिलाहरू त्यस्ता व्यहोराहरू हुन् जुन हाम्रो विचारमा यस आर्थिक वर्षको वित्तीय विवरणहरूको लेखापरिक्षण कार्यका लागि आधारभुत रहेका छन् । सो आधारभुत विषयहरू वित्तीय विवरणको लेखापरिक्षण कार्य र वित्तीय विवरणहरू उपर लेखापरिक्षकको रायमा समेटिएको हुनाले उक्त विषयहरू उपर हामी छुट्टै राय व्यक्त गर्दैनौ । थप विषयहरूको खण्डमा उल्लेख भएका विवरण वाहेक लेखापरिक्षण सम्बन्धी अन्य मुख्य व्यहोराहरू नभएको जानकारी गराउंदछौं ।

S.D. & Associates * Kathmandu Nepal * Chartered Accountants

**३. आर्थिक विवरणहरूप्रति व्यवस्थापन र शासकीय व्यवस्था बहन गर्ने अख्तियारीको जिम्मेवारी**

नेपालराष्ट्र बैंकको निर्देशनअनुरूप यथार्थ र उचितचित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत किसिमले त्रुटिरहित, वित्तीयविवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य; लेखानीतिहरूको छनौट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखासम्बन्धि महत्वपुर्ण अनुमान गर्ने पर्दछन् । वित्तीय विवरण तयार गर्दा संस्थाको अविच्छिन्नताको मूल्यांकन, खुलासा र लेखांकन गर्ने जिम्मेवारी व्यवस्थापनको रहेको हुन्छ ।

**४. लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो लेखापरीक्षणको आधारमा वित्तीयविवरणहरू उपर मन्तव्य व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । यी मानले हामीलाई लेखापरिक्षकको आचारसंहिता पालना गर्ने तथा वित्तीय विवरणहरू सारभूत रूपमा त्रूटिरहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न हामीलाई लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्ने सम्बन्धी सम्पादन कार्यविधि संलग्नहुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रूपमा त्रुटियुक्त प्रस्तुतीहुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यावसायिक निर्णयमा आधारीत छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले माइक्रोफाइनान्सको आन्तरिक नियन्त्रण उपर नै रायव्यक्त गर्ने उद्देश्यले नभै, परिस्थितिअनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा, माइक्रोफाइनान्सले वित्तीयविवरण तयार एवं प्रस्तुती गर्ने क्रममा अवलम्बन गरेका आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्धारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरू एवं गरिएका महत्वपूर्ण अनुमानहरूको उपयुक्तताको तथा मुल्याङ्कनका साथै समग्र वित्तीयविवरण प्रस्तुतीको लेखाजोखा समेत समावेश हुन्छ ।

हाम्रो लेखापरीक्षणले हाम्रो मन्तव्यलाई प्रयाप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

**५. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा कम्पनी ऐनको प्रावधानहरूको आवश्यकता माथि प्रतिवेदन**

क) हामीले लेखापरीक्षण सम्पन्नगर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौ ।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा हाम्रो रायमा माइक्रोफाइनान्सको हिसाब किताब ऐन बमोजिम ठीक संग राखिएको छ ।

ग) यो प्रतिवेदनसंग सम्बन्धित संलग्नवासलात, नाफा नोक्सानहिसाब, नगदप्रवाहविवरण र संलग्न अनुसूचीहरू नेपाल राष्ट्र बैंकले तोकेको ढांचा र तरिका अनुसार तयार गरिनुका साथै माइक्रोफाइनान्सले राखेको हिसाबकिताब, बहीखाता श्रेस्ता र लेखासंग दुरूस्त रहेका छन् ।

घ) हाम्रो लेखापरीक्षणको समयमा माइक्रोफाइनान्सको संचालक समितिका वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित लेखा सम्बन्धी कुनै कामकाज वा अनियमितकार्य गरेको वा माइक्रोफाइनान्सको सम्पत्ती हिनामिना गरेको वा माइक्रोफाइनान्सको हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

ङ) माइक्रोफाइनान्सको शाखाहरूबाट प्राप्तविवरण हाम्रो लेखापरीक्षणको लागि पर्याप्त थिए ।

च) हाम्रो रायमाहामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा माइक्रोफाइनान्सले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम माइक्रोफाइनान्सले पर्याप्ति पूंजीकोष राखेको तथा सम्पत्तिमा सम्भावित नोक्सानीको लागि पर्याप्त व्यवस्था गरेको छ ।

S.D. & Associates
Kathmandu Nepal
Chartered Accountants

छ) माइक्रोफाइनान्सले नेपाल राष्ट्र बैंकले दिएको निर्देशनअनुरूप कार्य गरेको छ ।

ज) माइक्रोफाइनान्सले निक्षेपकर्ता तथा लगानीकर्ताहरूको हित संरक्षण विरूद्ध कार्य गरेको देखिएन ।

ट) माइक्रोफाइनान्सले गरेको कार्य आफ्नो कार्यक्षेत्र भित्र रहेको पाइयो, र

ञ) माइक्रोफाइनान्समा लेखा सम्बन्धी कुनै जालसाजी गरेको हाम्रो जानकारीमा आएन ।

सि.ए. संजिव ढकाल
प्रिन्सिपल

S.D. & Associates Kathmandu Nepal Chartered Accountants

एस. डि. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस्
युडिन :210909CA01077YvV65

मिति : २०७८।०५।२४
स्थान : काठमाडौं, नेपाल ।

## प्रवन्धपत्रमा प्रस्तावित संशोधन सम्बन्धी प्रस्तावको

## तीन महले विवरण

| दफा | साविकको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| ६(क) | वित्तीय संस्थाको अधिकृत पुँजी रु. ३०,००,००,०००।- (अक्षरेपि तिस करोड मात्र ) हुनेछ। सो पुँजीलाई प्रति शेयर रु १००।- दरका ३०,००,००० ( तिस लाख ) थान साधारण सेयरमा विभाजन गरिएको छ। | वित्तीय संस्थाको अधिकृत पुँजी रु.५०,००,००,०००।- (अक्षरेपि पचास करोड मात्र ) हुनेछ। सो पुँजीलाई प्रति सेयर रु १००।- दरका ५०,००,००० (पचास लाख ) थान साधारण सेयरमा विभाजन गरिएको छ। | वित्तीय संस्थाको जारी पूँजी र चुक्ता पूँजी बृद्धि भए अनुसार अधिकृत पूँजीलाई समसामयिक रुपमा वृद्धि गर्न आवश्यक रहेकोले। |
| ६(ख) | वित्तीय संस्थाको जारी पुँजी रु.२५,६९,८०,४००।- ( अक्षरेपि पच्चिस करोड उनन्सत्तरी लाख असी हजार चारसय मात्र ) हुनेछ। सो पुँजीलाई प्रति सेयर रु १००।- दरका २५,६९,८०४ ( पच्चिस लाख उनन्सत्तरी हजार आठसय चार ) थान साधारण सेयरमा विभाजन गरिएको छ। | वित्तीय संस्थाको जारी पुँजी रु.३२,१२,२५,५००।- ( अक्षरेपि बत्तिस करोड बाह्र लाख पच्चिस हजार पाँचसय मात्र ) हुनेछ। सो पुँजीलाई प्रति सेयर रु १००।- दरका ३२,१२,२५५( बत्तिस लाख बाह्र हजार दुइ सय पचपन्न ) थान साधारण सेयरमा विभाजन गरिएको छ। | वित्तीय संस्थाले २५ प्रतिशत बोनस शेयर जारी गरे पश्चात् जारी पुँजीमा पनि बृद्धि हुने भएकोले। |
| ६(ग) | वित्तीय संस्थाको चुक्ता पुँजी रु.२५,६९,८०,४००।- ( अक्षरेपि पच्चिस करोड उनन्सत्तरी लाख असी हजार चारसय मात्र ) हुनेछ। | वित्तीय संस्थाको चुक्ता पुँजी रु.३२,१२,२५,५००।- (अक्षरेपि बत्तिस करोड बाह्र लाख पच्चिस हजार पाँचसय मात्र ) हुनेछ। | वित्तीय संस्थाले २५ प्रतिशत बोनस शेयर जारी गरे पश्चात् चुक्ता पुँजीमा पनि बृद्धि हुने भएकोले। |

## नियमावलीमा प्रस्तावित संशोधन सम्बन्धी प्रस्तावको

## तीन महले विवरण

| नियम | साविकको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| ३२(१)(ख) | सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य सञ्चालकले पाउने बैठक भत्ता प्रति बैठक क्रमशः रु ४,०००।- र रु ३,५००।- हुनेछ। | सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य सञ्चालकले पाउने बैठक भत्ता प्रति बैठक क्रमशः रु ६,०००।- र रु ५,०००।- हुनेछ। | समय सापेक्ष वृद्धि गर्न आवश्यक भएकोले। |